
# आर्थिक वर्ष २०७६/७७ को बजेट एवं आर्थिक ऐन का सम्बन्धमा निजी क्षेत्रको संयुक्त सुझाव

२०७६ जेठ ३ गते, शुक्रबार

## संघीयताको माध्यमबाट आर्थिक बृद्धिमा जोड

(१) उत्पादन एवं रोजगारमुखी संघीय बिकास

(२) सातै प्रदेशमा नमूना पूर्वाधार निर्माण




(३) उद्योग व्यवसाय मैत्री राजस्व नीति

(४) Cost of Doing Business मा कमी

## बजेटले अवलम्बन गर्नुपर्ने मुख्य नीतिहरु

- उच्च एवं दिगो आर्थिक बृद्धि
- उर्जा तथा पूर्वाधार विकास
- उद्योग तथा निर्यात प्रवर्द्धन
- पर्यटन
- सेवा क्षेत्र
- कृषि तथा बन क्षेत्रको व्यवसायिकरण
- ऐन कानुनमा सुधार

## उच्च एवं दीगो आर्थिक बृद्धि

- विकासमा निजी क्षेत्रको अग्रणी भूमिका
- उद्योग व्यवसाय मैत्री नीति र वातावरण
- स्वदेशी एवं विदेशी लगानी आकर्षण
- सुसासन (Good governance)
- नयां प्रविधि तथा Ancillary उद्योग विकास
- अनुमान योग्य (Predictable) सरकारी नीति, ऐन कानुन र व्यवहार

## उर्जा र पूर्वाधार विकास

- राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न हुनुपर्ने ।
- त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको स्तरोन्नती
- काठमाडौं उपत्यकामा छुट्टै आन्तरिक विमान स्थलको निर्माण
- निजगढ र गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमानस्थलको सिघ्र निर्माण
- फराकिलो एवं गुणस्तरीय सडक र रेल यातायातको निर्माण
- निजी क्षेत्रका पूर्वाधार परियोजनाहरु द्रुतमार्ग मार्फत सम्पन्न
- जलबिद्युतमा मू.अ. कर फिर्ता वा शुन्य दरमा मू.अ. कर दर्ता ।
- उर्जा शिर्षकमा छुट्टै १० प्रतिशत अनिवार्य सहुलियत कर्जा लगानी ।

## पर्यटन

- पर्यटन वर्ष २०२०
- धार्मिक पर्यटन
- सहासिक पर्यटन
- बैवाहिक पर्यटन
- शिक्षा तथा स्वास्थ्य पर्यटन
- सभा, गोष्ठी, सम्मेलन
- नयां पर्यटन स्थलहरुको विकास

## कृषि तथा बन क्षेत्रको व्यवसायिकरण

- कृषि उत्पादन र सोको प्रशोधन उद्योगलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने (२५ प्रतिशत आय कर छुट)
- कृषि एवं कृषिमा आधारित उद्योगलाई अनुदान तथा सहुलित
- कृषि बजार (Auction house) विकास तथा विस्तार
- कृषि क्यालेण्डर, माटो परिक्षण र सूचना प्रविधीको विकास
- उच्च मूल्य भएका कृषि उत्पादनमा जोड
- साना सिंचाईको विकास
- आयमूखि वनको व्यवसायीकरण

## ऐन कानुनमा सुधार

- उद्योग, व्यापार तथा निजी क्षेत्र सँग संवन्धित विद्यमान कानुनहरु सरोकारवालाहरु समेतको सहभागितामा समयानुकुल सुधार गरिनु पर्ने ।
- राजस्व न्यायाधिकरणको संरचनामा परिवर्तन गरि राजस्वका विवादहरु निर्क्यौल गर्नका लागि व्यावसायिक संघ संस्थाहरुको समेत प्रतिनिधित्व हुने गरी स्थायी स्वायत्त संस्था स्थापना हुनुपर्ने ।

## बैंकिङ, वित्तीय बीमा

- ब्याजदर हुने उतार चढावलाई निश्चित सीमा भित्र राख्ने व्यवस्था हुनुपर्ने ।
- बैंकिङ क्षेत्रको तरलता व्यवस्थापन गर्न सरकारी खर्च र ऋण परिचालनको हालको व्यवस्थामा सुधार गरिनु पर्ने ।
- बैंकले प्रशासनिक एवं व्यवस्थापन खर्च कमगरी निक्षेप कर्ता र ऋणी लाई सहुलियतपूर्ण सेवा दिनुपर्ने ।
- बैंक विशेष प्रकारको व्यवसाय भएकोले यसले प्रदान गर्ने निश्चित सेवा जनताले निशुल्क पाउनु पर्ने र सेवा शुल्क घटाउनु पर्ने ।
- बीमाको प्रिमीयम दरहरु बैज्ञानिक तथा व्यवहारिक नभएको लाई पुनरावलोकन गर्नुपर्ने ।
- सरकारी सम्पत्तीको अनिवार्य बीमा गरिनुपर्ने ।

## कर तथा राजस्वका सम्बन्धमा निजी क्षेत्रका सुझाव

## संघीयतामा कर प्रशासन

- संघ, प्रदेश र स्थानीय तहले लगाउने करहरु दोहोरो, तेहेरो हुन नहुने ।
- स्थानीय तहले लगाउने घर जग्गा रजिष्ट्रेशन शुल्क र भुमिकर (घर जग्गा कर) उद्योग र होटल व्यवसायलाई ५० प्रतिशत छुट हुनुपर्ने ।

## आय कर ऐन २०५८ :

- Corporate Income Tax को दर पाँच प्रतिशतले घटाइनु पर्ने ।
- व्यक्तिको सम्बन्धमा ५ लाख र दम्पतिको सम्बन्धमा रु ७ लाखको कर छुटको सीमा गरिनु पर्ने । छुट पश्चातको पहिलो एक लाखको सट्टा रु. ३ लाखमा १० प्रतिशतले कर लाग्ने व्यवस्था हुनु पर्ने ।
- प्रोपराइटर सिप फर्महरुलाई व्यवसायिक प्यानमा दर्ता गरिनु पर्ने ।
- प्रोप्राइटरसिप फर्मको रु २० लाख भन्दा बढीको आयमा लाग्ने Surcharge खारेज गरिनु पर्ने

## आय कर ऐन २०५८ :

- रु २० लाख सम्म रु ५,००० पूर्वानुमानित कर र रु २० लाख भन्दा बढिको कारोवार रकममा मात्र ०.५ प्रतिशतले कारोवार कर लाग्ने व्यवस्था हुनुपर्ने ।
- **ऐन को दफा ५७ :** एक आर्थिक वर्षमा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन हुंदा सम्पत्ति र दायित्वको मूल्याकंन गरी कर तिर्नुपर्ने व्यवस्था खारेज हुनु पर्ने
- **दफा १२० :** भुलबस विवरण दाखिला हुन गएकामा एक पटक सच्याउन दिनुपर्ने ।
- जरिवानाका दरहरु कसुरको आधारमा समानुपातिक बनाई घटाइनु पर्ने ।

## आय कर ऐन २०५८ :

- आय कर संग सम्बन्धि कागजात तीन वर्ष सम्ममात्र राख्नुपर्ने व्यवस्था हुनु पर्ने ।
- Full Audit दुई आर्थिक वर्ष भित्र गरिसक्नु पर्ने ।
- समायोजन पछि बढी भएको आय कर रकम फिर्ता दिइनु पर्ने ।
- औद्योगिक व्यवसाय ऐनमा व्यवस्था भएको CSR को १ प्रतिशत आय कर प्रयोजनका लागि छुट्टै खर्च लेख्न पाउनु पर्ने ।

## मूल्य अभिबृद्धि कर :

- क्रेडिट मू.अ. करको अवधी ६ महिनाबाट घटाई तीन महिना गरि फिर्ताको व्यवस्था सरलिकृत गरिनुपर्ने ।
- खुल्ला सिमानाका कारण हुने चोरि पैठारीलाई नियन्त्रण गर्न बहुदरको मू.अ. कर व्यवस्था गरिनु पर्ने अथवा मूल्य अभिबृद्धि करको दर १० प्रतिशत गरिनु पर्ने ।
- औषधी जस्ता मूल्य अभिवृद्धि कर माफी भएका वस्तुहरु उत्पादन गर्ने उद्योगले शुन्य दरमा VAT मा दर्ता हुनपाउने व्यवस्था हुनुपर्ने ।

## मूल्य अभिबृद्धि कर :

- ब्यूटीपार्लर र सटिङ सुटिङ सहितको टेलरिङ व्यवसायलाई अनिवार्य मू.अ. करमा दर्ता हुनुपर्ने व्यवस्था खुकुलो गरी ब्राण्डेड व्यवसायको हकमा मात्र लागु गरिनु पर्ने ।
- दफा २९ अन्तरगतका जरिवानाका दरहरु कसुरको आधारमा समानुपातिक बनाई घटाइनु पर्ने ।
- निकासी गर्ने उद्योगले मू.अ.कर फिर्ता प्रयोजनको लागि आयातित कच्चा पदार्थको ४० प्रतिशत निर्यात गरिसक्नुपर्ने प्रावधानलाई घटाई ३० प्रतिशत कायम गरिनुपर्ने ।

## अन्तःशुल्क :

- स्वास्थ्यमा प्रत्यक्ष प्रतिकूल असर पर्ने सुर्ति तथा मदिराजन्य वस्तुबाहेक अन्य सबै वस्तुहरुमा अन्तःशुल्क खारेज गरिनु पर्ने ।
- उत्पादकले आफ्नो डिजाइन अनुसार आफ्नै खर्चमा स्टिकरहरु विभागको स्वीकृति लिइ बनाउन पाउनु पर्ने ।
- सहायक कच्चापदार्थ, प्यकेजिङ मेटेरियल जस्ता उत्पादित वस्तु संग प्रत्यक्ष रुपमा जोडिने वस्तुमा तिरेको अन्तःशुल्क कट्टा गर्न पाउने व्यवस्था हुनुपर्ने ।
- निश्चित समय दिई नवीकरण नभएका अन्तःशुल्क दर्ता खारेज गरिनु पर्ने ।

## विविध :

- केन्द्रीय राजस्व बोर्डको स्थापना गरिनु पर्ने ।
- कर संहिताको सिघ्र निर्माण ।
- वि.स. २०७० आषाढ मसान्त भन्दा अगाडिको ५० हजार सम्मको बक्योता लाई मिन्हा दिइनु पर्ने ।
- कर परिक्षण गर्दा नियतवश गलत निर्णय गर्ने संलग्न कर्मचारीलाई जिम्मेवार वनाइनु पर्ने

**कर सम्बन्धी न्याय प्रणाली :**

- प्रशासाकीय पुनरावलोकनका लागि निवेदन दिदा सुरुको निकायमा धरौटी राखे पछि राजस्व न्यायधिकरण लगायतका निकायमा थप धरौटी राख्न नपर्ने एवं धरौटी १० प्रतिशत मात्र राख्ने व्यवस्था हुनुपर्ने ।
- करदाता कानूनी उपचारको प्रक्रियामा रहादा सो अवधिको थप ब्याज शुल्क लाग्न नहुने ।
- अदालतमा रहेका राजस्व सम्बन्धी मुद्दा फिर्ता लिई कर तिर्न चाहेमा जरिवाना नलाग्ने व्यवस्था गरिनुपर्ने ।

**भन्सार तथा व्यापारका सम्बन्धमा निजी क्षेत्रका सुझाव**

## भन्सार

- कारोवार मूल्यलाई अनिवार्य रुपमा मान्यता दिईनु पर्ने ।
- घोषित मुल्यमा शंका लागेमा भन्सार कार्यालयले ५ प्रतिशत थपगरी खरिद गर्न प्रयाप्त वजेट छुट्याई उक्त व्यवस्था कार्यान्वयन गर्नुपर्ने ।
- सन्दर्भ पुस्तिका अविलम्ब खारेज गरिनु पर्ने ।
- आय कर एवं मू.अ. कर जस्तै न्यून धरौटी राखी न्यायीक पुनरावलोकनमा जान सक्ने प्रवाधान हुनुपर्ने ।

## भन्सार...

- भारत र तिब्बतबाट पैठारी गर्दा पाउने छुटका लागि एल.सी. बाट भुक्तानी गरेमा छुट पाउने व्यवस्था भएकोमा ड्राफ्ट, टी.टी. लगायत अन्य बैंकिङ प्रणालीबाट भुक्तानी गरी पैठारी गरेमा छुट, सुविधा पाउने व्यवस्था हुनु पर्ने ।
- भन्सारका संकेतहरु को सम्बन्धमा National Tariff Line बढी ब्यापार हुने देशहरु संग मिलान गर्न निजी क्षेत्रको संलग्नतामा स्थायी संयन्त्र बनाइनु पर्ने ।
- संचालनमा रहेको उद्योग तथा व्यवसायिक प्रतिष्ठनहरुले प्रत्येक वर्ष निकासी पैठारी संकेत नम्बर (EXIM Code) नवीकरण गनुपर्ने व्यवस्था व्यवहारिक नभएकोले EXIM Code को अवधी कम्तिमा पाँच वर्ष सम्म हुनुपर्ने ।

## भन्सार

- Exim Code को नवीकरण गर्दा बैंक ग्यारेण्टी राख्ने व्यवस्था हटाउनु पर्ने ।
- Exim Code बहाल रहेसम्म निकासी पैठारी रोक्का गर्न नपाइने व्यवस्था हुनुपर्ने ।
- जरिवानाका दरहरु कसुरको आधारमा समानुपातिक बनाई घटाइनु पर्ने ।
- भन्सार कार्यालयको कारणले हुने ढिलाईमा डेमरेज, डिटेन्सन तिर्नुपर्ने अवस्थाको निराकरण हुनुपर्ने । जस्तैः भन्सार कार्यालयमा प्रयोगशाला परिक्षणका लागि पठाउंदा हुने ढिलाई, मूल्यांकन, सरकारी विदा आदी ।

## भन्सार

- Customs Transit Declaration (CTD) फर्ममा टुटफुट, सर्टेज, लिकेज भनि जनाइ आएकोमा भन्सार महसुल छुट दिने र सो पश्चातको भन्सार क्षेत्र भित्र भएको टुटफुट आदिमा प्रमाणपत्र तुरुन्तै जारी गरिनुपर्ने ।
- भन्सार ऐनको दफा ६९, दफा ५७ को उप-दफा १४ र उप-दफा १५ को प्रभावकारी कार्यान्वयन ।
- हाल बण्डेड वेयर हाउसको सुविधा आफ्नो उत्पादनको ५० प्रतिशत निकासीमा पाउने व्यवस्थालाई पुनरावलोकन गरी रु दुई करोड भन्दा बढी निकासी गर्ने उद्योगहरुलाई पाउनु पर्ने ।

## भन्सार

- उद्योगहरुलाई प्यकेजिङ मेटेरियलहरुको आयतमा दिएको छुटलाई त्यस्ता प्याकेजिङ मेटेरियलहरु स्वदेशमा नै उत्पादन गर्ने उद्योगहरुलाई आवश्यक परिणामको कच्चा पदार्थ आयात मा सोही बराबरको छुट प्रदान गर्नु पर्ने । (जस्तैः औषधी उद्योगलाई चाहिने पेट बोतल उत्पादन गर्ने उद्योगहरु लगायत)
- एकिकृत भन्सार (Integrated Check Post) को सिघ्र संचालन एवं थप स्थानहरुमा निर्माण गरिनु पर्ने ।
- भन्सार परिसरमै सुविधा सम्पन्न प्रयोगशाला, क्वारेन्टाइन, बैंक लगायतका अन्य पूर्वाधार उपलब्ध हुनुपर्ने ।

## व्यापार

- विदेशबाट आउने यात्रुलाई १०० ग्राम भन्दा बढी सुन पैठारीमा दोब्बर दस्तुर लिई पैठारी गर्न पाउने व्यवस्था गरिनु पर्ने ।
- नेपालमा वैवाहिक पर्यटनलाई प्रोत्साहन गर्न यस्ता पर्यटकहरुले स्वघोषणा गरि फिर्ता लैजाने सर्तमा गर-गहना ल्याउन पाउने व्यवस्था हुनु पर्ने ।
- कन्ट्री अफ ओरिजन नमिलेमा MFN सुविधा नपाउने गरी हालको जरिवाना लाग्ने व्यवस्था हटाउनु पर्ने ।
- तेश्रो मुलुकमा उत्पादित सामानहरु भारतबाट Shipment हुने गरी नेपालमा आयात गर्न पाउने व्यवस्था गरिनु पर्ने ।

## व्यापार

- नेपाली वस्तुहरु तेश्रो मुलुकमा सहज निकासी गर्न नेपाली उत्पादनहरुको व्यापार चिन्ह (Trade Mark) को दर्ता एवं प्रचार प्रसारलाई सरकारले अनुदान दिनुपर्ने ।
- नेपालबाट तेश्रो मुलुकको लागि LC खोलि खरिद गरिएको सामान तेश्रो मुलकबाटै विक्रि गर्न यस्तो व्यापार गर्दा भुक्तानी गएको विदेशी मुद्रा भन्दा वेसी मुद्रा स्वदेशमा आउने सुनिश्चितता सहित "Third Country Merchant Trade" को व्यवस्था गरिनु पर्ने । सो भन्दा कम विदेशि मुद्रा आएका जरिवाना गर्ने ।

## औद्योगिक विकासका लागि निजी क्षेत्रका सुझाव

"Decade of Investment & Development"

2019-2029



## उद्योग तथा निकासी प्रर्वधन

- **निर्यात प्रवर्द्धन गर्ने नीति**
- **Industrial contribution to GDP** must grow to meet Employment, Trade Deficit, Balance of Payments etc.
- **औद्योगिक व्यवसाय ऐन**मा उल्लेख गरिएका राजस्व लगायत अन्य प्रावधानलाई न्युनतम मापदण्डको रुपमा लिई सम्बन्धित ऐनमै उल्लेख
- उद्योगका लागि जग्गाको सहज उपलब्धता तथा **जग्गाको हदबन्दि**को सीमा हटाईनु पर्ने



## उद्योग तथा निकासी .....

- **सात वटै प्रदेशमा**




- Industrial Estates
- Exhibition Centers
- Industrial Center for Excellence
- Startup and Incubation Centers

## उद्योग तथा निकासी .....

- कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आयातमा तयारी वस्तु भन्दा कम्तिमा **दुई तह कम भन्सार**
- गुणस्तर मापन गर्ने मेसिन तथा इक्वीपमेन्टमा मेसिन सरह ५ प्रतिशत भन्सार तथा मू.अ. करमा छुट
- स्वदेशी बस्तु १५ प्रतिशत महंगो भए पनि खरिद गर्ने व्यवस्था सार्वजनिक खरिद ऐनमै उल्लेख




## उद्योग .....

- Paid Internship
- International Standard Laboratories
- गुणस्तरहीन वस्तुको आयातमा रोक



**वित्तीय व्यवस्थापन**

- Interest rate Stability
- Increased access to Finance
- प्रत्येक वर्ष कर्जा नवीकरण गर्दा शुल्क लिने व्यवस्थामा हुन नहुने ।
- एकै व्यवस्थापनको कुनै एक कम्पनी दामासाहीमा परि कालो सूचीमा परेकै आधारमा अन्य कम्पनीलाई समेत कालो सूचीमा राख्न नहुने ।



**वित्तीय व्यवस्थापन.......**

- Simplify the Refinancing Process
- Double the size of Refinancing Fund
- Create a dedicated refinance fund for Export Units



## विविध

- रुग्ण उद्योग पुर्नउथ्थानका लागि विशेष कार्यक्रम ल्याईनु पर्ने साथै बैंकले कर्जा प्रवाह गर्दा थप सुक्षण राख्नुपर्ने व्यवस्था हुन नहुने ।
- Product and Destination diversification to derive Export
- EIA तथा IEE को प्रकृयालाई सरलिकृत गरि लाग्ने समयावधि कम गरिनु पर्ने ।
- बन क्षेत्रको भोगाधिकारलाई सरल गरिनु पर्ने ।

# धन्यवाद !